आज मिति २०७५ जेष्ठ २० गते, आईतबारका दिन विहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३८ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री ~~जय थापामगर~~ महेश तामाङ | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | ~~सदस्य~~ सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २३. | श्री गीता तामाङ | - | कम्प्युटर अपरेटर |

निर्णय नं. १

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (न) बमोजिमको काम गर्नको लागि देहायबमोजिमको नगर स्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| १. नगर प्रमुख | | अध्यक्ष |
| २. नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु | | सदस्य |
| ३. राजनैतिक दलका प्रतिनिधि | | सदस्य |
| • श्री गुञ्जमान बस्नेत | ने.क.पा.- | |
| • श्री संजय लामा उर्गेन | " | |
| • श्री शैलेश मानन्धर | ने.का. | |
| • श्री श्याम कार्की | ने.का. | |
| • श्री अर्जुन कुमार रंजित | त.म.लो.पा. | |
| ४. इलाका प्रशासन कार्यालय,फर्पिङ प्रतिनिधि | | सदस्य |
| ५. इलाका प्रहरी कार्यालय फर्पिङ प्रतिनिधि | | सदस्य |
| ६. नेपाल रेडक्रस सोसाइटी प्रतिनिधि | | सदस्य |
| ७. महिला प्रतिनिधि श्री माया लामा वडा नं. १ | | सदस्य |
| ८. महिला प्रतिनिधि श्री शर्मिला के.सी. वडा नं. ६ | | सदस्य |
| ९.दलित प्रतिनिधि श्री यशोदा विशुंखे वडा नं. ५ | | सदस्य |
| १०. प्रतिनिधि श्री देवी श्रेष्ठ वडा नं. ६ | | सदस्य |
| १२. समाजसेवी श्री अंगुर गुरुङ वडा नं. ५ | | सदस्य |
| १२.समाजसेवी श्री तारा बलामी वडा नं. ३ | | सदस्य |
| १३.समाजसेवी श्री कृष्ण गुरुङ वडा नं. १ | | सदस्य |
| १४. प्रतिनिधि श्री सुरेश बस्नेत वडा नं. ९ | | सदस्य |
| १५. प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |

➢ प्रत्येक वडामा विपद व्यवस्थापनको काम गर्नको लागि वडास्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने ।

निर्णय नं. २

लगानी बोर्डको मिति २०७४।११।२८ को पत्रसाथ प्राप्त हुन आएको Project Development Agreement मा स्विकृति दिने ।

निर्णय नं. ३

यस नगरपालिकाको आ.व. २०७४।७५ को स्वास्थ्य तर्फको शशर्त अनुदानमा स्वास्थ्य सेवाका कर्मचारीको तलब भत्तामा बजेट अपुग भएकोले यस नगरकार्यपालिकाको मिति २०७४।९।२ को १८ औ बोर्ड बैठकले शशर्त अनुदान अन्तर्गतको स्वास्थ्यको कार्यक्रमको लागि छुट्याईएको बजेटबाट कर्मचारीलाई तलब भत्ता प्रदान गर्ने र तलब भत्ताको रकम आएपछि मात्र कार्यक्रम संचालन गर्ने भन्ने निर्णयबमोजिम तलब भत्ता प्रदान गरिएकोमा हाल तलब भत्ता शिर्षकमा बजेट आएकोले पहिलो र दोस्रो चौमासिकमा संचालन हुन नसकेका कार्यक्रम तेस्रो चौमासिकमा गर्नको लागि निर्देशन दिने ।

निर्णय नं.४

- वडा नं. ३ को वडा स्तरिय योजनाअन्तर्गत नैगेल फाँटमा कृषि सडक योजना अन्तर्गतको रु १५०,०००। लाई संशोधन गरी नैगेल फाँट सिँचाई योजना ।
- वडा नं. ३ को वडा स्तरिय योजनाअन्तर्गत ढकाल मुहान देखि मुल कुलोसम्म सिंढी निर्माण १५०,०००। संशोधन गरी पिखेल भैरव मार्ग वाल निर्माण
- वडा नं. ३ को वडा स्तरिय योजनाअन्तर्गत पुरानो पानी ट्याङकी देखि खत्री टोल हुँदै कृष्ण बहादुर कार्कीको घरसम्म गोरेटो बाटो निर्माणको लागत इष्टिमेट संशोधन गर्न लगाउने ।
- वडा नं. ७ को आमा समुह र महिलाको लागि रु १,००,०००। छुट्याईएको रकम युटिकीमा ग्याविन जाली निर्माणमा रकम नपुग भएकोले सो मा नै संशोधन गर्ने ।
- वडा नं. ७ को वडा स्तरीय योजना अन्तर्गत आर्थिक विपन्नता भएका व्यक्ति,अशक्त तथा वृद्धवृद्धा र बालबालिका स्वास्थ्य उपचार १००,०००। संशोधन गरी इटामाटामा बाटो मर्मत गर्ने ।
- वडा नं. ७ को वडा स्तरीय योजना अन्तर्गत माटो परिक्षणको लागि रु १००,०००। संशोधन गरी कोपुगाँउको मोटर बाटोमा साइडड्रेन निर्माण गर्ने ।
- वडा नं. ५ को वडा स्तरीय योजना अन्तर्गत गणेश सरस्वती मन्दिर नजिकै पाटीमा सटर निर्माण रु ५०,०००। संशोधन गरी दलित बस्तीमा नागरिक सचेतना केन्द्रद्धारा कुखुरा चल्ला वितरण कार्यक्रम गर्ने ।
- वडा नं. १ को महिलाको सिपमुलक कार्यक्रमको लागि रु.१,००,०००। रकम विनियोजन भएकोमा संशोधन गरी महिलाको क्षमता विकास तथा नेतृत्व विकास (उद्घोषण) तालिम गर्ने ।

- वडा नं. ६ को लक्षित वर्ग तर्फ विभिन्न मठमन्दिर सरसफाई कार्यक्रम १००,०००। संशोधन गरी स्वास्थ्य शिविर संचालन गर्ने ।
- वडा नं. ९ को वडा स्तरीय योजना अन्तर्गत पिपलबोट हुँदै फर्पिङ जाने गोरेटो बाटो मर्मत संशोधन गरी इन्द्रायणी मन्दिर हुँदै सुगा पधेरो बलामी गाँउ सिंढी निर्माण गर्ने ।
- वडा नं. ९ को वडा स्तरीय योजना अन्तर्गत सिमलचौर खेल मैदान निर्माण योजना संशोधन गरी देवी माजंगाल कच्ची मोटर बाटो ग्रावेल गर्ने ।
- वडा नं. ९ को वडा स्तरीय योजना अन्तर्गत ठुलो पोखरी खेल मैदान निर्माण संशोधन गरी साविक वडा नं. ७ खार्पामा खेल मैदान मर्मत तथा स्तरोन्नती गर्ने ।
- वडा नं. ८ को वडा स्तरीय योजना अन्तर्गत रमेश आचार्यको घरदेखि तिखे ढुंगासम्म जाने माटरबाटो ग्राभेल तथा ढल व्यवस्थापन कार्यक्रम संशोधन गरी झम्केश्वरी कटुवालदह मोटरबाटो ग्रोभेल १,००,०००।
- वडा नं. २ वडा कार्यालय पछाडीको बस्तीमा खानेपानीको लागि रु ६,००,०००। संशोधन गरी महिला भवन (५,००,०००।) मा मिलाएर जम्मा ११,००,०००।
- वडा नं. २ को पातिंगल जाने बाटो निर्माण ३,००,०००। संशोधन गरी सत्तल टपल जाने बाटो निर्माण गर्ने
- वडा नं. ३ को चिल्ड्रेन पार्कमा छुट्याइएको रकम १,००,०००। संशोधन गरी भन्ज्याङ देखि पोखरीसम्म जाने बाटो ग्राभेल गर्ने ।
- वडा नं. ३ को शम्भु उदासको घरबाट हरिशरण कुँवरको घरसम्म (२,५०,०००।) बाटो निर्माण संशोधन गरी धसिङगरे भिर बाटो ढलान गर्ने ।
- वाँझको चौर भैरव मन्दिर तारवार २,००,०००। संशोधन गरी हुमाने खत्री गाँउ बाटो निर्माणमा ट्र्याक १,००,०००।, लामागाँउ कालीदेवी मा.वि.मा ब्लक सोलिङ रु १,००,०००। ।

निर्णय नं.५

- शेषनारायण दक्षिणकाली बाटो मर्मत गर्ने कामको लागि इष्टिमेट बमोजिमको रकम रु ३,४०,०००। छुट्याउने ।
- वडा नं. ८ को वडा स्तरीय योजना अन्तर्गत सिमपानी देखि राम्चे मोटर बाटोमा ग्राबेल विच्छ्याउनको लागि इष्टिमेट बमोजिमको रकम रु ५,००,०००। दिने ।
- ३ नं. प्रदेश स्तरीय अन्तर नगर बास्केटबल प्रतियोगितामा भाग लिनको लागि लागेको खर्च रु २६,१८०। दिने ।
- वडा नं. ५ को डल्लुखोला र नौमुलेखोलाको दोभानमा पुल निर्माणको लागि लागत इष्टिमेट गराई सो बमोजिमको रकम स्वीकृत गर्ने ।

- दलित बस्ती खानेपानी आयोजना (वडा नं. ४) को लागि रु ५,००,०००। रकम विनियोजन भएकोमा संशोधन गरी दलित बस्ती हुँदै बुजाकोट जाने बाटो स्तरोन्नती गर्ने ।
- वडा नं. ६ मा देवी गणेशस्थान मोटरबाटोमा ग्राभेल राख्ने कामको लागि ढुवानी खर्च रकम रु २७,५००। स्वीकृत गर्ने ।
- वडा नं. १ मा चम्पादेवी मा.वि. बाट चम्पादेवी पाउसम्म इष्टिमेट अनुरुप ढुंगा सोलिङ कामको लागि रु ३,००,०००। रकम स्वीकृत गर्ने ।
- वडा नं. ५ मा शान्ति वनवाटिकाबाट डोल्लु जाने बाटो मर्मतको लागि रु ७५०००। स्वीकृत गर्ने ।
- वडा नं. ७ को गोपालेश्वर देखि टारसम्मको बाटोमा ग्राभेल गर्नको लागि ढुवानी खर्च ४५०००। रकम स्वीकृत दिने ।
- फुल्चोक मनकामना होमाने मोटरबाटो ग्राबेल रु १,००,०००। स्वीकृत दिने ।
- वडा नं. ५ को अरुणोदय स्कुलबाट घट्टेखोला जाने बाटो मर्मत रु १,००,०००। स्वीकृत गर्ने
- वडा नं. ६ मा कोछुटोलमा सरसफाई कार्यक्रम बापत रु ४०,०००। रकम दिने ।
- वडा नं. १ मा मुलपानीबाट वाहुन टोल बाटो ड्रेन तथा ग्रावेल २,००,०००। संशोधन गरी ग्राबेल नगरी ड्रेन तथा वाल निर्माण गर्ने ।
- वडा नं. १ मा मनकामना मन्दिर लामाटोल मोटरबोट ढलान तथा ढल व्यवस्थापन ३,००,०००। संशोधन गरी मनकामना महिला सामुदायिक भवन निर्माण गर्ने ।
- बसपार्क ड्रेन निर्माणको लागि लागत इष्टिमेट अनुसारको रकम विनियोजन गरि कार्य सम्पन्न गर्ने ।

निर्णय नं.६

दक्षिणकाली देखि चौकोटदेवी डाँडामा केबुलकार निर्माण गर्न प्रारम्भिक अध्ययनको लागि साइनेक्स ग्रुप कम्पनीलाई अनुमती दिने ।